# पाठ - 6
## हबशा तर्फ हिजरत (यात्रा)

# الدرس السادس - نيبالي
## الهجرة إلي الحبشة

यदि कसैले इस्लाम स्विकार गरेको छ भने भेद खुलिहाल्थ्यो र खास गरि कमजोर अवस्थाको व्यक्तिहरु माथि नासतिकहरुको लगातार अत्याचारका कारण सहाबाले अर्थात नबी ﷺ को साथीहरुले आफ्नो धर्म लिएर नज्जाशीको देश हबशा तिर गइहाल्ने अनुमति माग्नु भयो, जहाँ उनीहरु सुरक्षित हुने छन्, खास गरि यस्तो अवस्थामा कि अधिक मुस्लिमहरुलाई आफ्नो र आफ्नो परिवारको ज्यान खतरामा लागिरहेको थियो,

रसूल ﷺ ले पनि अनुमति प्रदान गर्नु भयो, यो घटना चाहिं नबी भएको पाँचौ बर्षमा भयो, र यस प्रकार सत्तरी ७० मुस्लिमहरु आफ्नो परिवार समेत हिजरत गर्नु भयो, तिनीहरु मध्ये उसमान बिन अफान र उहाँ कि स्वासनी रोकैया बिन्ते रसूल ﷺ पनि थिइन,

तर कुरैशको व्यक्तिहरुले मुस्लिमहरुलाई हबशाबाट पनि निकालने प्रयास गर्नु भयो, त्यहाँका राजाको निम्ति धेरै उपहार पठाइयो, र ती शर्नार्थीहरुलाई सोम्पिने प्रस्ताव राख्नु भयो, र भन्नु भयो कि मुस्लिमहरु ईसा (जेसस कराइस्ट) र उहाँकि आमालाई गाली दिने गर्छन् , तर जब नज्जाशीले उनीहरुसित यस बारे सोध्नु भयो त उनीहरुले खुलासा गर्नु भयो कि ईसा عليه السلام को बारेमा कुरआन के भनिरहेको छ र सत्य कुरो चाहिं के छ , राजाले सुरहः मरयम सुन्नु भयो, र त्यस पछि मुस्लिम भइहाल्यो, त्यति मात्र होइन बरु आफ्नो इस्लामाको खुल्लम खुल्ला एलान गर्नु भयो, र कुरैशको प्रस्तावलाई ठोकियाउनु भयो, र मुस्लिमहरुलाई सुरक्षा प्रदान गर्नु भयो ।

त्यहि बर्ष रमजानको महिनामा नबी ﷺ ले हरममा मान्छेहरुको बीच पुगेर सुरह नजम पढन थाल्नु भयो, त्यहाँ अधिक संख्यामा कुरैशको व्यक्तिहरु जम्मा भएका थिए, नासतिकहरु संधै एक अर्कालाई रसूल ﷺ को कुनै पनि कुरा नसुन्ने सुझाउ दिने गर्थे, त्यस कारण यस भन्दा पहिला उनीहरुले अल्लाहको भनाइ अर्थात कुरआन सुनेकै थिएनन्, तर जब उनीहरुले यो सुरह सुन्नु भयो त उनीहरुलाई अचम्म लाग्यो, उनीहरुको कानमा अल्लाहको यस्तो मिठो आवाज गुँज्यो कि सबै ध्यान पुर्वक तरिकाले कुरआन सुन्न थाले, सबैले होश गुमाउनु भयो, कसैको मन्मा त्यस बाहेक अरु कुनै कुराका जग्गा नै थिएन, यहाँ सम्म कि नबी ﷺ ले जब यो पढनु भयो

فَاسْجُدُوا لِلَّهِ وَاعْبُدُوا [النَّجم:٦٢] अल्लाह कै लागि सजदा गर र उसैको पुजा उपासना गर ।

त उहाँले सजदा गर्नु भयो र उहाँ सँग सबैले सजदा गर्नु भयो, किन भने कोहि आफ्नो काबुमा नै थिएन ।

कुरैशले नबी ﷺ को बिरुद्ध युद्ध जारी राख्नु भयो, र यसका लागि अनेकौं प्रकारको हतकण्डा प्रयोग गर्नु भयो, सजाय दिनु भयो, अत्याचार गर्नु भयो, धमकी दिनु भयो, लालच दिनु भयो, तर यस सबै प्रयासको बावजूद इस्लाम बलियो हुदै गयो, र मुस्लिमहरुको संख्या बढदै गयो, त्यस पछि उनीहरुले इस्लामको बिरुद्ध एउटा अर्को उपाय सोच्नु भयो, उनीहरुले एउटा दसतावेज लेख्नु भयो जसमा सबैले आफ्नो हस्ताक्षर दिनु भयो, र त्यसलाई काबाको भित्तामा टाँस्नु भयो, जसमा उनीहरुले मुस्लिम र बनू हाशीमको पुर्ण रुपले बाइकाट गर्ने प्रतिज्ञा लिएका थिए कि उनीहरु सँग खरिद बिकी नगर्ने, विवाह नगर्ने, कुनै प्रकारको सहायता प्रदान नगर्ने, र कुनै प्रकारको व्यवहार नराख्ने,

मुस्लिमहरु बाध्य भएर मक्काबाट निस्कनु भयो र शेअबे अबितालिब नामको एउटा डाडामा गएर बस्नु भयो, र त्यहाँ मुस्लिमहरुले धेरै कष्ट उठाउनु भयो, भुक र अनेकौं प्रकारको दुखः भोग्नु भयो, धनी व्यक्तिहरुले त आफ्नो अधिक धन सम्पत्ति त्यहिं लुटाइ दिनु भयो, खदिजा **رضي الله عنها** ले त आफ्नो पुरै धन लुटाइ दिनु भयो, उनीहरुको बीच अनेकौं प्रकारको रोग सरन थाल्यो, धेरै व्यक्तिहरुको त मरने अवस्था भएको थियो, तर उनीहरुले हिम्मत र साहसले काम लिनु भयो, एउटा व्यक्तिले पनि इस्लाम छोडनु भएन, यो बाइकाट चाहिं तीन साल सम्म चलदै गयो, त्यस पछि कुरैशको केही ठुलो व्यक्तिहरुले जसको बनूहाशीम सँग नाता थियो उनीहरुले यस प्रतिज्ञा र वचनलाई तोडनु भयो र सम्पूर्ण सभामा यसको घोषणा गर्नु भयो, दस्तावेजलाई जब निकालेर हेर्नु भयो त के हेर्नु हुन्छ कि किराहरुले त दस्तावेजलाई खाइसकेका छन मात्र **باسمك اللهم** हे अल्लाह तपाई कै नामबाट शुरु गर्दछु को शब्द बाँकि थियो, र यस प्रकार संकटको समय समाप्त भयो, र मुस्लिम र बनू हाशीम फर्केर फेरि मक्का आउनु भयो, तर कुरैश अझै आफ्नो मुस्लिम बिरुद्ध अत्याचारि बिचार माथि कायम नै थिए ।